# दिप्रुङ चुईचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
याङसीलाटार, खोटाङ

## करार सेवामा पदपूर्ती सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०८/२१)**

प्रस्तुत विषयमा **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७** को दफा ५ वमोजिम यस आ.व. २०७७/७८ को लागि उद्यम विकास सहजकर्ता करार सेवामा पदपूर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिन्छ । साथै गाउँपालिकाबाट प्राप्त हुने निर्धारित ढाँचाको आवेदन फाराम यस कार्यालय वा यस गाउँपालिकाको वेबसाइट - **www.diprungmun.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

**तपसिल :**

**१.आवश्यक पद :**

| क.सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०९/२०७७-७८ | उद्यम विकास सहजकर्ता | सहायक चौथो | २(दुई) | ५०० | |

**२. उम्मेदवारको योग्यता :**

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्(सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उतीर्ण गरेको, वा

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्(सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेशिका परीक्षा(टिएसएलसी) उतीर्ण गरेको ।

**३. दरखास्तका साथ संलग्न हुनुपर्ने कागजातहरु :**

- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- सीप परीक्षण सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

**४. उमेरको हद :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**५. तलब तथा करार अवधि :** गाउँपालिका संग हुने करार सम्झौतामा उल्लेख भए बमोजिम ।

**६. परीक्षा दस्तुर बुझाउने प्रकृया :** सानीमा बैंक दिप्रुङ शाखा ओखेमा रहेको आन्तरिक राजश्व खाता नम्बर **०७१०१००४००००१४( GA 1.1 ANTARIK RAJASHWO KHATA)** मा जम्मा गरी उक्त भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ ।

**७. दरखास्त फाराम बुझाउने स्थान :** दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यालय प्रशासन शाखा अथवा यस कार्यालयको ईमेल ठेगाना info@diprungmun.gov.np/diprungrmun2077@gmail.com मार्फत समेत आवश्यक कागजातहरु PDF बनाई मर्ज गरी बैंक भौचर सहितक आवेदन साथ ईमेल गर्न सकिनेछ ।

**८.सम्पर्क मिति :** दरखास्त पेश गर्ने मितिको भोलिपल्ट ।

**९. परीक्षाको किसिम र मिति :** सम्पर्क मितिका दिन तोकिनेछ ।

**१०.थप जानकारीको लागि :** ९८५२८३२६४५, ९८५१०१८६४५, ९८१६७४३८१०, ९८१३८५११६३ मा सम्पर्क गर्नुहोला ।

**११.** आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्ध गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।

**नोट :** दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ ।

भीम प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

भीम प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत